**मिति २०७६/०९/२७ मा भएको गाउँ कार्यपालिकाको ५४ औं बैठकको निर्णयहरु :**

१.स्थानीय तहमा बातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७६ दोस्रो गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

२. मर्स्याङ्दी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ दोस्रो गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

३. यस आ.व.२०७६/०७७ को निम्न योजनाहरुको बजेट रकमान्तर गर्नु पर्ने भएकोले सो योजनाहरुको वजेट सहितको प्रस्ताव दोस्रो गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**आ.व. २०७६/०७७ को दोस्रो गाउँ सभामा संसोधनका लागि प्रस्तावित योजनाहरु र बजेट विवरण**

| क.सं. | आय तर्फ | रकम | व्यय तर्फको योजना विवरण | ठेगाना | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | रोयल्टीबाट थप प्राप्त हुन आएको रकम | ५०१२६५८.०० | घिम्राङ मार्चा मोटरबाटो | मर्स्याङ्दी गा.पा.-२ | ३०००००.०० | |
| २ | पारीश्रमिक कर्मचारी (२११११) बाट रकमान्तर गरिने रकम | ३६३२३४२.०० | ङादी - उस्ता - बराहपोखरी सडक डि.पि आर | मर्स्याङ्दी गा.पा.-७ | ७९३०००.०० | |
| ३ | संघिय सरकारबाट खुदी - रोप्लेफाँट - नायू - घनपोखरा सडक स्तरोन्नतीको लागी समपुरक अनुदान बापत प्राप्त रकम | २९०००००.०० | खुदी - शिउरुङ - स्याङ्गे सडक | मर्स्याङ्दी गा.पा.-३ | २००००००.०० | |
| ४ | | | धैरेनी खेल मैदान | मर्स्याङ्दी गा.पा.-३ | ५०००००.०० | |
| ५ | | | पुरानोगाउँ माटबाटो | मर्स्याङ्दी गा.पा.-३ | ५०००००.०० | |
| ६ | | | ढुङ्गा काट्ने मेसिन खरिद | मर्स्याङ्दी गा.पा.-४ | ३०००००.०० | |
| ७ | | | आठखेत सिँचाई | मर्स्याङ्दी गा.पा.-४ | २०००००.०० | |
| ८ | | | मैदान मोटरबाटो | मर्स्याङ्दी गा.पा.-६, | ३०००००.०० | |
| ९ | | | दोभानचौर मोटरबाटो स्तरोन्नती | मर्स्याङ्दी गा.पा.-६, | ३०००००.०० | |
| १० | | | पाम्पचोक - साउनेखोला पोखरी मोटरबाटो | मर्स्याङ्दी गा.पा.-९ | ४०००००.०० | |
| ११ | | | खुदी - पाम्पचोक - भलामचौर - घलेगाउँ सडक | मर्स्याङ्दी गा.पा.-९ | ८०००००.०० | |
| १२ | | | बाल शिक्षकहरुको तलव | | ६०००००.०० | |
| १३ | | | विभिन्न झोलुङ्गे पुल निर्माणमा संघ सरकार सँग साझेदारी | | ६५२०००.०० | |
| १४ | | | मर्स्याङ्दी बहुउद्धेशियय कृषि सहकारी संस्था लि. | | ५०००००.०० | |
| १५ | | | पर्यटन प्रवर्द्धनको लागि मर्स्याङ्दी गाउँपालिकाको म्यूजिक भिडियो निर्माण | | ५०००००.०० | |
| १६ | | | खुदी - रोप्लेफाँट - नायू - घनपोखरा सडक | | २९०००००.०० | |
| | जम्मा | ११५४५०००.०० | जम्मा | | ११५४५०००.०० | |

४. यस आ.व.२०७६/०७७ को निम्न योजनाहरुको बजेट रकमान्तर र नाम सम्सोधन गर्नु पर्ने भएकोले सो योजनाहरुको संसोधन गर्नु पर्ने नाम र बजेट सहितको निम्न प्रस्ताव दोस्रो गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

**आ.व. २०७६/०७७ को दोस्रो गाउँ सभामा संसोधनका लागि प्रस्तावित योजनाहरु र बजेट विवरण**

| क्र सं. | साविकको योजनाको नाम र बजेट | रकमान्तर / संसोधित योजनाको नाम रबजेट | ठेगाना |
|---|---|---|---|
| १ | रोप्लेफाँट पेम्रोखोला मोटरबाटो रु. २,००,०००।- | घिम्राङ मार्चा भोटरबाटो रु. ३,००,०००।- | मर्स्याङ्दी - २ |
| २ | माथील्लो घनपोखरा सामुदायिक भवन रु.१,००,०००।- | | |
| ३ | घोप्टे सिँचाई रु.८,००,०००।- | कर्मदा जनजागृति आमा समुह भवन, रु. ८,००,०००।- | मर्स्याङ्दी - २ |
| ४ | मकैको विउ खरिद रु. ५०,०००।-, धानको विउ खरिद रु.५०,०००।-, भकारो सुधार रु.२०,०००।-, भक्ति थापा पार्क व्यवस्थापन रु.३,००,०००।- को जम्मा **रु. ४,२०,०००।-** | मंगलोदय प्रा.वि. भवन मर्मत तथा सामाग्री खरिद रु.५०,०००।-, हर्सिङ खानेपानी तथा शौचालय मर्मत रु.४०,०००।-, ईन्द्र मन्दिर मर्मत रु.३०,०००।- , भक्ति थापा पार्क जाने मोटरबाटो रु.३,००,०००।- गरी जम्मा **रु.४,२०,०००।-** | मर्स्याङ्दी - ३ |
| ५ | छापा खानेपानी निर्माण रु. ४,००,०००।- | छापागैरी सामुदायिक भवन निर्माण रु.४,००,०००।- | मर्स्याङ्दी - ४ |
| ६ | बाङगे लामाथान खानेपानी तथा मिल खरिद रु. ३,००,०००।- | बाङगे लामाथान साम्चे खानेपानी निर्माण रु( २,५०,०००।- | मर्स्याङ्दी - ४ |
| ७ | | घोप्टे राइस मिल खरिद रु.५०,०००।- | मर्स्याङ्दी - ४ |
| ८ | काप्रे फलफरल खेति तथा तारबार रु.२,००,०००।- | काप्रे फलफुल खेति रु.१,००,०००।- | मर्स्याङ्दी - ४ |
| ९ | | काप्रे गोरेटो बाटो रु.१,००,०००।- | |
| १० | जुनतारा ताघृङ पर्यटन सहकारी च्याउ खेति रु.१,००,०००।- | छापा सामुहिक च्याउ खेति रु.१,००,०००।- | मर्स्याङ्दी - ४ |
| ११ | बिटल बोका वितरण कार्यक्रम रु.१,००,०००।- | गोर्सल डाँडा राइस मिल खरिद रु.५०,०००।- | मर्स्याङ्दी - ४ |
| १२ | | मिप्रा सामुहिक कागति खेति रु. ५०,०००।- | मर्स्याङ्दी - ४ |
| १३ | प्रेम मिलन मा.वि. पर्खाल निर्माण रु.३,००,०००।- | प्रेम मिलन मा.वि. खानेपानी तथा सरसफाई रु.३,००,०००।- | मर्स्याङ्दी - ४ |
| १४ | रक गार्डेन स्तरोन्नती रु. ५,००,०००।- | खानी गाउँ मोटरबाटो रु. ८,००,०००।- | मर्स्याङ्दी - ५ |
| १५ | खानी गाउँ बाईक ट्र्याक रु. ३,००,०००।- | | |
| १६ | उस्ताबैंसी सडक रु.३,५०,०००।- | सिद्धार्थ सामुदायिक भवन रु.३,५०,०००।- | मर्स्याङ्दी - ७ |
| १७ | भित्री सडक ङादी वजार रु.५,००,०००।- | ङादीचुली सामुदायिक भवन रु.५,००,०००।- | मर्स्याङ्दी - ७ |
| १८ | सिमलचौर मरन घाट | सिमलचौर मरन घाट बाटो | मर्स्याङ्दी - ८ |
| १९ | कालिका सत्तल र अद्धैत भवन निर्माण | अद्धैत भवन निर्माण | मर्स्याङ्दी - ९ |
| २० | नयाँपुल भोटथोक गोरेटो बाटो | नयाँपुल टारधारा गोरेटोबाटो | मर्स्याङ्दी - ९ |

५. सफा मर्स्याङ्दी अभियान अन्तर्गत सचेतनामूलक कार्यक्रमको लागी मन्जरी नाट्य समुह द्धारा मूख्य मूख्य बजार क्षेत्रहरुमा सडक नाटक मन्चन गर्न लगाई थप सचेतना जगाउने र कार्यक्रमहरुमा जनप्रतिनिधीहरुको समेत उपस्थिति जनाउने निर्णय गरियो ।

६. पर्यटन वर्ष २०२० को सन्दर्भलाई समेत ध्यानमा राखी मर्स्याङ्दी गाउँपालिका भित्र रहेका होटल व्यवासायीहरुको १० दिने तालिम सञ्चालन गर्ने निर्णय गरियो र सोका लागि पोखरा स्थित हिमालयन कलेज अफ हस्पिट्यालिटी म्यानेज्मेन्ट प्रा.लि सँग समन्वय गर्ने निर्णय गरियो ।

७. हेडलाईट प्रा.लि., बसुन्धारा काठमाण्डौ द्धारा पेश गरेको गाउँपालिकाको प्रशासकिय भवनको डि पि आर रिपोर्ट स्विकृत गर्ने निर्णय गरियो ।

८. मर्स्याङ्दी गाउँपालिका - ५, घेर्मु स्वास्थ्य चौकीको कार्यालय सहयोगी पद रिक्त भएको हुँदा सो स्थानमा सेवा करारमा मासीक रु. १२,०००।- सुविधा दिने गरी नियूक्त गर्ने निर्णय गरियो ।

९. भ्रमण वर्ष २०२० को सन्दर्भमा मर्स्याङ्दी गाउँपालिकाको पर्यटन प्रवर्द्धनको लागि तयार गरिएको ५००० थान ब्रसर छपाई गरे बापत मिडीया नेपाल, मैतीदेवी काठमाण्डौलाई रु.५५,३७०।- होमस्टे प्रदर्द्धन कार्यक्रम शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१०. खुदी-रोप्लेफाँट-नायु-घनपोखरा सडक स्तरोन्नतीको लागि राष्ट्रिय योजना आयोगबाट समपुरक कोष मार्फत रु.२९ लाख र मर्स्याङ्दी गाउँपालिकाको तर्फबाट रु.२९ लाख गरी जम्मा रु.५८ लाख बजेट बिनियोजन गरिएकोमा उक्त कार्य सम्पन्न गर्न रु. ५९,५०,७८०।- स्टीमेट भएको हुँदा नपुग हुन आउने रकम रु. १,५०,७८०।- रकम गाउँपालिकाको बजेटबाट व्यवस्था गरि उक्त सडकको लागि रु.५९,५०,७८०।- रकम बराबरको नै स्टीमेट स्वीकृत गरी टेण्डर प्रकृयामा जाने निर्णय गरियो ।

११. खुदी - शिउरुङ - स्याङ्गे सडक स्तरोन्नतीको लागि स्थानीय पूर्वाधार कार्यक्रम ( माननीय देव गुरुङ ज्यू)बाट रु. ५० लाख र मर्स्याङ्दी गाउँपालिकाबाट रु.२० लाख बजेट व्यवस्था भएकोमा उक्त सडकको लागी रु.७०,७०,६५४।- को स्टीमेट भएको हुँदा नपुग हुन आउने रु.७०,६५४।- रकम गाउँपालिकाको बजेटबाट व्यवस्था गरि रु.७०,७०,६५४।- रकम बराबरको नै स्टीमेट स्वीकृत गरी टेण्डर प्रकृयामा जाने निर्णय गरियो ।

१२. जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका २०७५ अनुसार यस मर्स्याङ्दी गाउँपालिकाको वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको लागि जिल्ला समन्वय समिति, लमजुङमा योजना प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै सो वडा कार्यालय भवन निर्माणको लागि आवश्यक कुल बजेट रु. १,१३,८२,७०८।- को निर्देशिका बमोजिमको ४० प्रतिशत रकम यस गाउँपालिकाले व्यहोर्ने समेत निर्णय गरियो ।

१३. वातावरणीय सेवाको व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७६ पारित गर्ने निर्णय गरियो ।

१४.पोजीयो मेर्टिटो नगरपालिका, इटालीको निमन्त्रणामा कृषि पर्यटन सम्बन्धी अध्ययन अवलोकन भ्रमणको लागि उपाध्यक्ष होम बहादुर बि.क.को मिति २०७६ मङ्सिर २० (डिसेम्बर ६, २०१९) देखि २०७६ पौष ३ (डिसेम्बर १९, २०१९) सम्मको वैदेशिक भ्रमण बापतको दैनिक भ्रमण भत्ता गण्डकी प्रदेश सरकारको कानुन बमोजिम विविध कार्यक्रम खर्च अन्तर्गतको अध्ययन अवलोकन भ्रमण शिर्षकबाट भुक्तानी उपलब्ध गराउने निर्णय गरियो ।

१५. विविध कार्यक्रम खर्च (२२५२९) को वडा स्तरिय र विद्यालय स्तरिय खेलकुद तथा अतिरिक्त क्रियाकलाप शिर्षकबाट यूवा तथा खेलकुद विकास समितिद्धारा आयोजित वडा स्तरिय भलिबल प्रतियोगिता र बेशिसहरमा आयोजना हुने पालिका स्तरिय भलिबल प्रतियोगिताको लागि रु. २,२५,०००।- सहयोग गर्ने निर्णय गरियो ।

१६.विविध कार्यक्रम खर्च (२२५२९) को विभिन्न धार्मीक, सांस्कृतिक, साहित्यिक, महोत्सव, दिवस सम्बन्धी शिर्षकबाट निम्न अनुसारको सहयोग गर्ने निर्णय गरियो ।

- सिर्जना यूवा क्लव, मर्स्याङ्दी - ६, ठूलोबेँसी रु. २५,०००।-
- मनासलु मर्स्याङ्दी क्लव, मर्स्याङ्दी -५, घेर्मु रु. २५,०००।-
- श्री अमर मा.वि., मर्स्याङ्दी -३, खुदी रु. ५०,०००।-

१७.यस आ.व.को लागि विनियोजित विविध कार्यक्रम खर्चको असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

- किरी राज घिमिरे, मर्स्याङ्दी -६ रु. १०,०००।- (मुटु रोगी)
- पुजा अधिकारी, मर्स्याङ्दी -३ रु.१०,०००।- (दिर्घ रोगी/विपन्न)
- पूर्ण बहादुर भण्डारी, मर्स्याङ्दी -३ रु.१०,०००।- (दमको रोगी फोक्सोको अपरेसन)
- विर्खा घले, मर्स्याङ्दी -५, रु.१०,०००।- ( मुटु रोगी)
- मगर गुरुङ, मर्स्याङ्दी -५ रु. १०,०००।- (क्यान्सर रोगी)
- गुन्जी बहादुर गुरुङ, मर्स्याङ्दी -५ रु.१०,०००।- (क्यान्सर रोगी)